सकेसम्म स्वदेशमै रोजगारी गरौं, विदेश जाने नै भए शिप तालिम लिएर मात्र जाऔं ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक ६५ ○श्रेणी 'क' ○२०७२ मंसिर १८ गते शुक्रबार ○ 4 Dec. 2015 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

खुशीको खबर !!!

योग निद्रा सिकेर आफूलाई रोगमुक्त राख्नुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुनसुकै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१०००।- मात्र आफै आफूलाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।

मोवाइल : ९८१६१०२२१६

जनप्रतिनिधि नहुँदा संविधान कार्यान्वयन तथा नेतृत्व विकासमा धक्का

✍नारायण न्यौपाने
काठमाडौं १७ मंसिर ।

प्रमुख राजनीतिक दलले निर्वाचन गर्ने बारम्बार प्रतिबद्धता दोहोऱ्याए पनि स्थानीय निकायको निर्वाचन लामो समयदेखि नहुँदा विकास बजेटको व्यापक दुरुपयोग भएको मात्र होइन, परिपक्व राजनीतिक नेतृत्व विकासमा समेत ठूलो धक्का पुगेको छ । लामो राजनीतिक सङ्क्रमणमा रहेको मुलुकलाई सही दिशानिर्देश गरेर सबैलाई मिलाएर लैजान सक्ने राजनेताको एकातिर खडेरी परिरहेको चर्चा चलिरहने र अर्कोतिर स्थानीय निकायको निर्वाचन नहुँदा नेतृत्व विकासमा दूरगामी असर परेको छ ।

मुलुकभरका तीन हजार १५७ गाविस, एक महानगरपालिका र २०४ नगरपालिकाले १४ वर्षदेखि निर्वाचित जनप्रतिनिधि पाएका छैनन् । छत्तीस वर्षभन्दा कम उमेरका ८० लाख बालिग मतदाताले विगत १८ वर्षदेखि स्थानीय निकायको जनप्रतिनिधि चुन्ने अवसरबाट वञ्चित हुन परेको छ । स्थानीय निकाय जनप्रतिनिधि विहीन हुँदा जनताको लामो सङ्घर्ष र बलिदानबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानको सहज कार्यान्वयनमा समेत ठूलो चुनौती खडा भएको छ । सुदूर पश्चिम कैलालीका मानबहादुर महतो स्थानीय निकायको निर्वाचन हुन जरुरी भएको बताउँदै जनताको सदियौंदेखि सपना पूरा गर्ने लक्ष्यसहित जारी भएको संविधानको कार्यान्वयनमा निकै सजिलो हुने प्रतिक्रिया दिए ।

बीस वर्षअघि रु तीन लाख अनुदान प्राप्त गरेका गाविसको अनुदान बढेर (चालु र पुँजीगत गरी अधिकतम) रु ५० लाख पुगेको रकम जनप्रतिनिधिको अभावमा व्यापकरूपमा अनियमित र दुरुपयोग हुँदै आएको छ ।

बहुदलीय प्रतिस्पर्धामा आधारित संसदीय शासन व्यवस्था अङ्गीकार गरेको मुलुकको स्थानीय निकायमा यसरी लामो समयसम्म निर्वाचन जनप्रतिनिधि नहुनु भनेको अनियमितता र भ्रष्टाचार मौलाउनु हो । अध्यक्ष, उपाध्यक्ष, नौ वडाध्यक्ष र दुई मनोनित सदस्य रहने संरचना भएको प्रत्येक पाँच वर्षमा हुनुपर्ने गाविसको निर्वाचन नभएको १८ वर्ष भएको छ । लोकतन्त्रको सबैभन्दा बढी अभ्यास हुने गाविसलाई सरकारले चालु आवमा रु आठ अर्ब पाँच करोड १८ लाख बजेट विनियोजन गरेको स्थानीय विकास मन्त्रालयका शाखा अधिकृत डालबिक्रम कडेल बताउछन् । विसं २०४६ को राजनीतिक परिवर्तनपछि २६ वर्षको अवधिमा स्थानीय निकायमा जम्मा दुईपटक मात्र निर्वाचन भयो । माओवादीको सशस्त्र युद्ध, तत्कालीन राजाको प्रत्यक्ष शासन, संविधान निर्माणको प्रक्रिया र राजनीतिक दलबीचको खिचातानीका कारण स्थानीय निकायको निर्वाचन नभएको हो ।

त्यस्तै, सरकारले एक महानगरपालिका, १२ उप-महानगरपालिका र २१७ नगरपालिकालाई अनुदानस्वरुप वार्षिक रु नौ अर्ब बजेट विनियोजन गर्दै आएको छ । स्थानीय विकास मन्त्रालयका उपसचिव गुरु सुवेदीका अनुसार प्रत्येक नगरपालिकालाई वार्षिक रु ८७ लाखको हाराहारीमा बजेट छुटघाइएको भए पनि महानगरपालिकाले रु ४० करोड तथा उपमहानगरले करिब रु २० करोड अनुदान प्राप्त गर्दै आएका छन् । व्यवस्थित सहर बनाउन र पूर्वाधार निर्माणका लागि छुट्याएको रकमको खर्च गर्ने तौरतरिका र आयोजनाको प्राथमिकीकरणका विषयमा नकारात्मक टीकाटिप्पणी हुँदै आएको छ । सञ्चालित योजना तथा पूर्वाधारको यथार्थ अनुगमन समेत हुन सकेको छैन ।

हुम्लाबाट प्रतिनिधित्व गर्ने सांसद रीता शाही भन्छन्-"अहिले स्थानीय निकाय भइदिएको भए संविधानका अन्तरवस्तुमा समेटिएका समानुपातिक र समावेशीलगायतका उपलब्धि बारेमा जनतालाई बुझाउन सजिलो हुने थियो । त्यसो हुन नसक्दा विकृति र आन्दोलनले पथ्रय पाएको हो ।" स्थानीय निकायको माथिल्लो संरचनामा जिल्ला विकास समितिलाई सरकारले यस वर्ष रु तीन अर्ब ६७ करोड ४६ लाख बजेट विनियोजन गरेको छ ।

स्थानीय निकायका सबै संयन्त्रमा निर्वाचित पदाधिकारी नहुँदा त्यहाँका लागि विनियोजित रकम हुँदै नभएका विद्यालय र काम नगरिएको आयोजनाको नाममा बिल बनाएर रकम कुम्ल्याउने प्रवृत्ति बढेको छ । "स्थानीय जनप्रतिनिधि नहुँदा जनताले पाउनुपर्ने सेवासुविधा सहज र सरल ढङ्गले प्राप्त नभएको गुनासो आउनु स्वाभाविक हो, त्यो अर्थमा जनताको ठूलो गुनासो आएको छ"-स्थानीय विकास राज्यमन्त्री कुन्तीकुमारी शाही बताउछिन् ।

नेपालको संविधानको धारा ३०३ मा संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका स्थानीय निकायको स्थानीय तहको सङ्ख्या र क्षेत्र निर्धारण नभएसम्म कायम रहने र कायम रहेका स्थानीय निकायका पदाधिकारीको निर्वाचन कानुनबमोजिम हुनेछ भनिएको छ । त्यसरी निर्वाचित स्थानीय निकायका पदाधिकारी यो संविधानबमोजिम स्थानीय तहको निर्वाचन नभएसम्म कायम रहने कुरा उल्लेख गरिएको छ । स्थानीय तहका रूपमा गाउँपालिका, नगरपालिका र जिल्लासभालाई व्याख्या गरिएको छ ।

गत वैशाख १२ गते को भूकम्पपछिको खोज, उद्धार र राहतका कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट अघि बढाउने सन्दर्भमा एकपटक फेरि ज्वलन्तरूपमा

बाँकी ३ पृष्ठमा.....

नेपालको संविधानमा मधेशीको अधिकार

नेपालको संविधानमा मधेशीको हक अधिकार देहाय बमोजिम व्यवस्था गरिएको छ ।

❖सामाजिक न्याय सुनिश्चित गर्ने राज्यको राजनीतिक उद्देश्य हुने ।
❖आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक
❖समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।
❖सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, वा अन्य कुनै आधारमा भेदभाव नगरिने ।
❖सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका मधेशी लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने ।
❖नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने ।
❖नेपालमा बसोबास गर्ने प्रत्येक नेपालीसमुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षणगर्ने हक हुने ।
❖सामाजिक रूपले पछाडि परेका मधेशी समेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमासहभागी हुन पाउने सामाजिक न्यायको हक हुने ।
❖समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त्य गर्ने ।
❖मधेशीलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदायभित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
❖हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने ।
❖उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
❖सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने ।
❖समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा समावेशी सिद्धान्तको आधारमा गर्ने ।
❖संवैधानिक निकायको रूपमा नेपालमा एक मधेशी आयोग रहने ।
❖नेपाली सेनामा मधेशी समेतको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा गरिने ।
❖नेपाली राजदूत र विशेष प्रतिनिधिसमावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।
❖संवैधानिक अंग र निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

पक्षे अस्पतालमा विस्तारित सेवा संचालन

✍गोल्डेन न्युज संवाददाता
पोखरा १७ मंसिर ।

पश्चिमाञ्चल क्षेत्रीय अस्पतालले विरामीको सुविधालाई मध्यनजर गर्दै पेईड क्लिनिक अर्थात विस्तारित अस्पताल सेवा सञ्चालनमा ल्याएको छ । यसअघि स्वास्थ्य उपचारका लागि पोखरा र छिमेकी जिल्लाबाट आउने नागरिकले विहान सबैरै डाक्टरसंग जाँच गर्ने टिकट लिनका लागि समयमै लाईन बस्न नपुग्दा सेवाबाट वञ्चित हुदै आएका थिए । अस्पतालले टाढाबाट आउने बिरामीको समस्यालाई मध्यनजर गरि गत साउनदेखि नै यो सेवा संचालनमा ल्याएको हो । ओपिडीको समयपछि दिउसो २ बजे देखि ४ बजेसम्म ४ सय रुपैयाँ शुल्क लिएर रोग अनुसारको विशेषज्ञको व्यवस्था गरि पेईड क्लिनिक सञ्चालनमा ल्याएपछि सर्वसाधारणले राहतको अनुभूति गरेका छन् । टाढाबाट आउदा टिकट लिन लाइनमा बस्न नसकेका कारण तीन पटकसम्म अस्पतालको गेटसम्म पुगेर फर्केको पुम्दीका गुरुदत बरालले बताए । 'डाडको समस्याले थालापे पछि तीन-तीन पटक अस्पताल पुग्दा समेत डाक्टरलाई देखाउन पाईएको थिईन, पैसा तिरेर भएपनि अनुभवी विशेषज्ञलाई देखाए'-बरालले भने ।

विगतमा अस्पतालले पेईड क्लिनिक संचालन नगर्दा सर्वसाधारणहरु पोखरामा रहेका विभिन्न निजी अस्पतालहरुमा महंगो शुल्क तिरेर उपचार गराउन बाध्य थिए । अत्याधुनिक उपकरण र भौतिक पूर्वाधारयुक्त पक्षे अस्पतालको २०१२ सालमा स्थापना गरि जनतालाई स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ । अस्पतालले हरेक दिन दिउसो २ बजेदेखि ४ बजेसम्म निश्चित शुल्क लिएर चेकजाँच गर्ने व्यवस्था मिलाएको छ । विहानको जनरल ओपिडीमा टिकट काटेका विरामीको जाँच सकेपछि दिउँसोबाट पेइड क्लिनिक सञ्चालन हुने गरेको छ । विहान टिकट लिन नसकेको वा लिन नभ्याएकाहरु लाई पेइड क्लिनिक सेवातर्फ आकर्षित भएको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. श्रीकृष्ण श्रेष्ठले बताए । पश्चिमाञ्चल क्षेत्रकै ठूलो अस्पताल भएरपनि देशका विभिन्न अस्पतालले विरामीको आवश्यकता र चाहना अनुसार सेवा सञ्चालन गरिसक्दा समेत पक्षे अस्पतालमा सेवाग्राहीहरु को चाहना अनुसार विस्तारित अस्पताल सेवा सञ्चालन गर्न सकेको थिएन । मेडिकल सुपरिटेण्डेन्ट डा. श्रेष्ठले भने-'सेवाग्राहीको आवस्यकता र चाहनालाई पुरागरि गुणस्तरीय सेवा प्रदान गर्न यो सेवा प्रदान गरिएकाले क्रमिक रुपमा सेवाग्राहीको आकर्षण बढ्दै जाने छ ।'

सरकारी चिकित्सकलाई बाहिरका क्लिनिकमा काम गर्न जाने कुरामा निरुत्साहित गर्न कार्यरत अस्पतालमै 'पेइड क्लिनिक' खोल्ने सरकारको योजनो थियो । अस्पतालमा संचालित क्लिनिकबाट चिकित्सकको टिकट शुल्कको ५० प्रतिशत रकम लिन पाउनेछन् भने २० प्रतिशत अस्पताल विकास समिति र बाँकी ३० प्रतिशत कर्मचारी तथ प्रशासनलाई उपलब्ध गराईने व्यवस्था गरिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तयार पारेको अस्पताल विस्तारित सेवासम्बन्धी कार्यविधिमा अस्पतालले विहानको जनरल ओपिडीमा टिकट काटेका विरामीको जाँच सकेपछि दिउँसोबाट पेइड क्लिनिक सञ्चालन गर्ने व्यवस्था रहेको छ । क्लिनिकमा जाँच गर्न चाहनेबाट अस्पतालले सरकारले तोकिदिएको शुल्क नबढ्ने गरी लिन सक्ने व्यवस्था कार्यविधिमा गरिएको छ । सरकारले डाक्टरको अनुभव र योग्यताका आधारमा दुई सय ५० रुपैयादेखि चार सय ७५ रुपैयासम्म शुल्क लिन सक्ने व्यवस्था गरिदिएको छ ।

नयाँपुल नजिक बस दुर्घटना, २४ घाइते

✍गोल्डेन न्युज संवाददाता
पोखरा १७ मंसिर ।

कास्कीको नयाँपुल नजिकै बिहीबार बस दुर्घटना हुँदा २४ जना घाइते भएका छन् । घाइतेमध्ये ४ जनाको अवस्था गम्भीर रहेको कास्की प्रहरीले बताएको छ । बागलुङ-पोखरा सडकखण्ड अन्तर्गत कास्कीको सल्यान गाविस ९ धोवाड नयाँपुलमा गएख ३७९६ नम्बरको बस विहान करिब सवा ११ बजे दुर्घटना भएको हो । पोखराबाट यात्रु लिएर म्यागदीको बेनी जाँदै गरेको बस अनियन्त्रित भएर सडकमै पल्टिएको प्रहरीले जनाएको छ । दुर्घटनामा चालक पनि घाइते भएका छन् ।

बस सडकमै पल्टिएकाले अहिले पोखरा-बागलुङ सडकखण्ड अवरुद्ध भएको छ । पल्टिएको बसलाई निकालेर सडक खुलाउने प्रयास भइरहेको ट्राफिक प्रहरी कार्यालय कास्कीले जनाएको छ । घाइतेलाई प्रहरीले उद्धार गरेर उपचारका लागि अस्पताल पठाएको छ । प्रहरीका अनुसार गम्भीर घाइतेसहित ६ जनालाई पोखराको मनिपाल शिक्षण अस्पतालमा उपचारका लागि ल्याइएको छ । २ जनाको स्थानीय अस्पतालमा उपचार गरिँदै गर्दा भने बाँकी १६ जनालाई पर्वतको अस्पतालमा उपचारका लागि पठाइएको बडा प्रहरी कार्यालय बगरका इन्सपेक्टर मोहन खाँडेले जानकारी दिए । दुर्घटनास्थल पोखराबाट करिब २५ किलोमिटर पश्चिममा पर्छ ।

'जनप्रियको भर्नामा अनियमितता !'

पोखरा १७ मंसिर ।(एजेन्सी)

अनेरास्ववियु जनप्रिय बहुमुखी क्याम्पस कमिटीले कलेजकै प्रतिष्ठाको विषय रहेको विविए कार्यक्रमको प्रवेश परीक्षामा अनियमिता भएको भन्दै क्याम्पस प्रमुख समक्ष विहीबार ज्ञापन पत्र बुझाएको छ । अनेरास्ववियु क्याम्पस कमिटी अध्यक्ष दिपिन ढकाल र सचिव अनिलबाबु खड्काद्वारा हस्ताक्षरित विज्ञप्तिमा विविए कार्यक्रमको प्रवेश परीक्षामा अनियमितता भएको भनि धेरै अभिभावकको गुनासो आएको भन्दै अनेरास्ववियुले छानविनको लागि विद्यार्थीको डकुमेन्ट सहित त्रिभुवन विश्वविद्यालयले पठाएको लिखित नतिजा र कलेजले गरेको अन्तवार्ताको नतिजाको फोटोकपी उपलब्ध गराउन क्याम्पस प्रमुख समक्ष आग्रह गरेको छ । अनेरास्ववियु त्रिवि जिल्ला कमिटी उपाध्यक्ष सुजन लामिछाने र जिल्ला सदस्य क्षितिज पौडेलको नेतृत्वमा रहेको क्याम्पस कमिटीले ज्ञापन पत्र बुझाएको हो । ज्ञापन पत्र बुझाउँदै क्याम्पस किमिटी अध्यक्ष दिपिन ढकालले कलेजकै प्रतिष्ठाको विषय रहेको विविए कार्यक्रममा अनियमितता भएको गुनासो आउनु कलेजकै बेइज्यतको विषय भएको बताए । अनेरास्ववियुले बुझाएको ज्ञापनपत्र बुझ्दै क्याम्पस प्रमुख विरञ्जी गौतमले यस्तो अनियमितता केही पनि नभएको र विश्वास नलाग्ने अनेरास्ववियुको कमिटीलाई मागबमोजिम विद्यार्थीको डकुमेन्ट सहितको रिजल्टसिट उपलब्ध गराउने बचन दिएको अनेरास्ववियु क्याम्पस कमिटी उपाध्यक्ष विनोद भण्डारीले बताए । विगत १२ वर्ष देखि त्रिभुवन विश्वविद्यालय अन्तर्गतको विविए कार्यक्रम सञ्चालन गर्दै आएको जनप्रिय क्याम्पसको विविए प्रवेश परिक्षामा अनियमितता भएको भएको भन्दै विवादहरु आईरहेका थिए ।

किसली चढाएर भैरब नृत्यको अभ्यास

✍गोल्डेन न्युज संवाददाता
पोखरा १७ मंसिर ।

प्रत्येक ६/६ वर्षको अन्तरालमा अनिवार्य निकाल्नुपर्ने यस वर्षको भैरव नृत्यको प्रशिक्षण किसली चढाएर भैरव नृत्यको अभ्यास शुरु गरियो । पूजा गरि किसली भैरव मन्दिरमा सार्ने कार्य प्रारम्भ गरिएको थियो । कार्यवाहक भैरव नृत्यका गुरु श्री कृष्ण बहादुर बैंचवाट १२ जना भैरवका कलाकारहरुलाई नेतृत्व प्रदान गरि प्रशिक्षण शुभारम्भ गरियो । राजा रणजित मल्लले भक्ति भावका साथ रचना गरिएको भैरव नृत्यका रागहरु गाएर स्वापा ललाइय गर्ने कलाकारहरुबाट आजको पहिलो दिनको नृत्य शुभारम्भ गरियो ।

बिहीबार ३२७ जना पोखरा भरिका भैरव प्रति आस्था राख्ने नृत्य कलाकार, राग गायनका कलाकार, बाद्यबादनका कलाकारहरु र अन्य सहयोगी महानुभावहरुले ठूलो भीडभाडका बिच भैरव प्रति आस्था राख्दै किसली चढाइएको थियो । विहान ११ बजेवाट अभ्यास प्रारम्भ भएको उक्त नृत्य अभ्यास बेलुका ४ बजे समापन गरिएको थियो ।

हार्दिक बधाई एवं शुभकामना

श्री ऋषिराम गौतम

निर्माण व्यवसायी संघ कास्कीका अध्यक्ष श्री ऋषिराम गौतमज्यू मदन भण्डारी स्पोर्टस एकेडेमी कास्कीको गरिमामय अध्यक्ष पदमा पुनः निर्विरोध निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँ लगायत सम्पूर्ण पदाधिकारी तथा सदस्यहरुको कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं। साथै उहाँहरुको कार्यकाल र सक्रियतामा मदन भण्डारी स्पोर्टस एकेडेमीका र खेलकूद क्षेत्रले महत्वपूर्ण उपलब्धि एवं फड्को मार्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछौं।

दीपेन्द्र मर्सानी
सचिव एवं
निर्माण व्यवसायी संघ कास्की परिवार
दुरिष्ट बसपार्क, राष्ट्रबैंकचोक, पोखरा-७

■ कमाएर दाम जो भन्छ आफ्नै खाल्डो ऊ खन्छ ।

- बालकृष्ण सम

साहित्य

मुक्तकहरु

तीर्थराज अधिकारी

कि यो चार धाम कि तीर्थ यात्रा हो
कि यो मानसिक औषधिको मात्रा हो
पइक्तिवद्ध भएर दक्षिणतिर हरिने क्रम
कोही भन्छन् तावेदारी त कोही भन्छन् गाई जात्रा हो ।
भोली भयाउलो एकातिर फालिसकेको छु
उहीं कोलेनी बसाउने अभियान थालिसकेको छु
यो झुत्रो संसारमा के नविनता आऊला र खै ?
आफूत मंगल ग्रहमा जाने अर्जी हालिसकेको छु ।

❖❖❖

किनेको मात्र हैन खेतमा पनि लाएको हो
कहिले काँचैं त कहिले पकाएर खाएको हो
केवल काटकुट गर्दाको खारले मात्र होइन
यो आँसु त प्याजको भाउ बृद्धिले आएको हो ।

❖❖❖

न खोसिने डर छ न दैवले हर्छ
सिधा मान्छे सोझा कुरा गर्छ
मेहेनतले कमाउँछ सन्तोष मानेर खान्छ
फटाहाका कुरा सुन्यो भने जिल्ला राम पर्छ ।

❖❖❖

शब्दको पनि अनौठो जाल हुँदोरहेछ
धेरै शब्दहरू मिलेपछि पर्खाल हुँदोरहेछ
सभ्यता र शब्दहरूको सामञ्जस्य मिलाउने
यहाँ शब्दै शब्दहरूको सञ्जाल हुँदोरहेछ ।

❖❖❖

सोचाइमा अपभ्रंश हुन्छ
हृदयभित्रै विध्वंश हुन्छ
मति विग्रन्छ ज्ञान हराउँछ
जुन वेला आफ्नै मन कंस हुन्छ ।

❖❖❖

खरबारीको झार हुँदो हुँ त धरीमा वास हुन्थ्यो
वटवृक्ष भए पनि एकले पिपलको आश हुन्थ्यो
आफू त दुवो भइएछ कतिले कुल्चने हुन् आखिर !
थोरैको पैतला मात्र परे अलिकति अट्टसास हुन्थ्यो ।

❖❖❖

व्यस्त होटलको जुठो थाल जस्तो
बाह्र मासे जुवाडेको खाल जस्तो
सम्झदै वाक्क लाग्न थालेछ राजनीति मलाई
ज्वरो आएको वखत पिएको दाल जस्तो ।

क्रमशः

आजको पञ्चाङ्ग

मिति २०७२ साल मंसिर १८ गते शुक्रबार, तदनुसार दिसाम्बर ४ सन् २०१५, श्रीशाके १९३७, नेपाल संवत् ११३६, कीलकनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शरद ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार मार्गशीर्षकृष्णपक्ष चलिरहेको छ । सौरमान अनुसार आज मार्गशीर्षकृष्णपक्षको नवमी तिथि ५२ घटि ४२ पला अर्थात रातिमा ३ बजेर ४४ मिनेटसम्म त्यसउप्रान्त दशमी तिथि लाग्नेछ । आज सूर्य वृश्चिम राशिमा, चन्द्रमा सिंह राशिमा अहोरात्र रहनेछ । आज दिनमान २६ घटि ७ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ३९ मिनेटमा विभिषण मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ०६ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : विद्यामा प्रगति हुनेछ, प्रेम प्रसङ्ग सफल रहनेछ, यात्रा फलदायी, आर्थिक वृद्धि हुन सक्ने, दिन शुभ छ ।

वृष : दाजु भाइमा मनमुटाव हुन सक्ने, धन हानीको योग रहेकोछ, अपजस आइ लाग्ने, मानसिक असन्तोष हुने ।

मिथुन : आरोग्यता, एक्कासि धनलाभ हुन सक्ने, इष्टमित्रसँग भेटघाट हुनेछ, कार्यमा सफलता मिल्नेछ, दिन राम्रो छ ।

कर्कट : आफन्तसँग झगडा हुने, कार्यमा विघ्नबाधा आइलाग्ने, पेट वा कम्मर रोगले सताउनेछ, सतर्क हुनुहोला ।

सिंह : गुमेको धन हातलाग्ने, पारिवारिक सहयोग पाइने, यश कीर्ति बढ्ने, पढाइमा मनजाने दिन राम्रो छ ।

कन्या : यात्रा असफल, खानामा गडबढी हुन सक्ने, कार्य अधुरा रहनेछन्, छोराछोरीले सताउने, बायू रोगले सताउने ।

तुला : समाजमा झगडा बढ्नेछ, इज्जतमा आँच आउने, मन चञ्चल रहनेछ, पेट रोग लाग्ने, सतर्क रहनुहोला ।

वृश्चिक : धन प्राप्ति, सबै प्रकारको कार्यमा सफलता, हर्ष र खुशीका समाचार सुन्नुपर्ला, साथीभाइको सहयोग पाइने ।

धनु : व्यापार व्यवसायमा घाटा, आफन्तले नै विरोध गर्ने, काम अधुरा रहनेछन्, स्वास्थ्य राम्रै रहेपनि मनमा अशान्ति हुने ।

मकर : शत्रुमाथि विजय, घरमा नयाँ चहलपहल, धनलाभ, सबै काममा सफलता, समयको सदुपयोग गर्नुहोला ।

कुम्भ : शोक पर्ने समाचार सुन्नुपर्ला, एक्कासी विवाद पर्ने, नकारात्मक सोचाइले शत्रु बृद्धि हुने ।

मीन : सन्तानको सहयोगले अधुरा कार्य पूरा, उत्साह उमंग थपिनाले दिन अत्यन्तै राम्रो रहनेछ उपयोग गर्नुहोला ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

❀ साहित्य/सिर्जना ❀



सांस्कृतिक अभियन्ता राना र उनको ...अर्को पुस्ता

असफल गौतम

चित्रेभञ्ज्याङको नाम लिने बित्तिकै पछिल्लो पुस्तामा सबैभन्दा पहिला सम्झिनै पर्ने एउटा नाम हो रिमबाबु राना। वि.सं. २०३५ को जेठ ७ गते स्याङ्जाको चित्रेभञ्ज्याङमा जन्मेका रानाले प्रमाणपत्र तहसम्मको अध्ययन गरेका छन्। वि.सं. २०५७ देखि शिक्षण पेशामा लागेका राना हाल त्यही पेशामा आवद्ध छन्। साँझ विहान उनी आफ्नो घर गोठ र खेतबारीसँग मितेरी साइनो लगाउछन्। दिनमा रिमबाबु जस्तै सुन्दर मन बोकेका कलिला भाइबहिनीलाई यथार्थमा बाँचेर आदर्शको जीवन जिउँदै भोलिका होनाहार राष्ट्रसेवक बन्ने पाठ सिकाउँछन्। सोही कारण हुनुपर्छ कहिलेकहीँ दुरस्थचारको माध्यममा गाफिदा उनी कहिले घर गोठमा हुन्छन्, कहिले भाइबहिनी गोठमा। कहिले खेतबारीमा घाँस दाउरा गरिरहेका हुन्छन्। यो उनको दैनिकी हो भन्दा अत्यथा हुदैन। उनी जुन गोठमा रहे पनि एक सांस्कृतिक अभियन्ता हुन, अन्चेषका यसमा दुई मत राख्नु पर्दैन।

रानासँगको मितेरी साइनो साहित्यिक र सांस्कृतिक हो। यो गर्वका साथ भन्न सक्छु पक्तिकारले। त्यो बाहेक उनीसँग ठेट गाउले भाषालाई सम्झने हो भने, गोरु बेचेको साइनो पनि छैन। उनी पोखरा आउनु भन्दा अगाडिदेखि सम्झन्छन्, असफल सरको आजको कार्यक्रम कता छ ? भेट्न सकिन्छ कि सकिदैन ? अलि कति समय मिलाएर मेहन्द्रपुल, पृथ्वीचोक, नयाँबजार कतै भेटौन ? कति दिन व्यस्त छु भन्नु, कति समय सन्दर्भ मिलेन भन्नु ? आफैंलाई अप्ठ्यारो हुने। एक दिन समय निकालेरै उनीसँग भेट गरियो, सुन्दर मनका रानासँगको भेटले उनका सुन्दर विचारलाई व्यक्त गऱ्यो। उनले बालेको सांस्कृतिक अभियान। चित्रेभञ्ज्याङको गौरवसँग जोडिएर चम्किरहेको स्पन्दन पत्रिका। जसलाई चित्रेभञ्ज्याङको एउटा आलोकका रुपमा लिन सकिन्छ। रिम बाबु राना धेरै सुन्दर विचार बोकेका असल साहित्यिक मित्र हुन् भन्ने कुरा धेरैलाई थाहा नहुनसक्छ। उनीभित्रको साहित्यिक, सांस्कृतिक र आत्मियपन उनीसँगको भेटले मात्रै जानकारी गराउँछ। साच्चै नेपाली वाङ्मयको क्षेत्रमा रिमबाबु रानाजस्ता कला साहित्य सेवक हुने हो भने असल लेखक, कवि कलाकारको सधै सम्मान हुने थियो। विडम्बना नै भन्नुपर्छ नेपाली साहित्यलाई सामन्तहरूले धोडा बनाएर हिँडिरहेका छन्। धोडा बन्न नसकेका इमान्दारहरू चेपिइरहेका छन्। त्यसैले प्रकाश सायमीले पछिल्लो आफ्नो पुस्तक काठमाडौं सेल्फी मा साहित्यमा सिन्डिकेट शीर्षकको निबन्ध लेखेका छन्। साहित्यकारहरूले बालेको प्रसिद्धिको उद्योगलाई प्रष्टाएका छन्। त्यो मात्र होइन सायमीले पछिल्लो समय साहित्यलाई घोडा बनाउने देखेर दिक्क लागेर होला, पुस्तकको खोल व्यापार, लेखकको सत्ता र सतीत्वको सडकट जस्ता इमान्दार लेखकको ज्यादै मन छुदा निबन्ध लेखेका छन्। हुन पनि हो, रिमबाबु राना जस्ता लेखकहरू सधै प्रसिद्धिको उद्योगमा फस्टाउन सक्दैनन्। उनीहरूका पुस्तकको खोल व्यापार हुदैन किनकि उनीहरू घाँस साहित्य लेख्छन्। घाँस साहित्यको प्रेरणाबाट अगाडि बढेका भानुभक्तलाई आफ्नै प्रसिद्धिको उद्योग चलाएकाहरूले सधै बिसर्छन्। प्रसिद्धिको उद्योगमा नफस्टाएका रानाले याँमु लकुकथा सङ्ग्रह, संक्षिप्त चिनारी चित्रे साहुथरको, पूर्वाद्धे संस्मरण सङ्ग्रह, मीजा लघु नाटक र ...अर्को पुस्ता कविता कृति हालसम्म प्रकाशन गरेर नेपाली वाङ्मयको क्षेत्रलाई उर्वर बनाइरहेका छन्। यो मात्र होइन उनले सांस्कृतिक संरक्षण मञ्चको स्थापना नै गरेर चित्रे गाउँको कौडा, ठेट नेपाली लोक नृत्यका डकुमेन्ट्रीहरू पनि निर्माण गरेका छन्। यसले पष्ट पार्छ उनको सांस्कृतिक अभियानलाई। साहित्य साधना आफैंमा गाह्रो विषय, त्यसलाई पाठकसामु पस्कन झन गाह्रो। गाउँमा बसेर घरखेत गरेर उनले पुऱ्याएको साहित्य साधनालाई सलाम गर्नैपर्छ। किन भने उनी जहिले पनि चिम्लेली हामी रहौला कहाँ हाम्रो संस्कृति नै नरहे भन्ने भावना बोक्छन्, चित्रेभञ्ज्याङमा पचलनमा रहेका हाम्रा कला, संस्कृतिको संरक्षण अहोरात्र

खटिरहन्छन्।

सन्दर्भ रानाको ...अर्को पुस्ताको रानाले सरलाई पढ्न मिल्ने भाषामा रहेको कृति उपहार भनेर दिएपछि पढ्तिकारको मनमा उनको ...अर्को पुस्तासे प्रसिद्धि कमाइरहेको छ उनले माया गरेर दिएको उपहारको जतन गर्न सकिएन भने त्यसले उपेक्षा गर्छ। उपहार कहिल्यै फिर्ता लिनका लागि दिइदैन, त्यसैले त त्यसको ठूलो महत्व रहन्छ। हाल बहराइनमा रहेका चित्रेभञ्ज्याङवासी भल रानाले उनको कृति प्रकाशनका लागि सहयोग गरेका छन्। यदी भलले उनलाई सहयोग नगरेको भए ...अर्को पुस्ता बजारमा आउन धेरै समय लाग्न सक्थ्यो। कुनै समय अराज चलचित्र निर्देशक, संस्कृतिकर्मी चेतन काकीले कतै भनेका थिए, कसैले कुनै स्रष्टा साधकको सम्मानका खातिर कुनै लेख रचना लेख्छ, विशेषाङ्क प्रकाशन गर्छ भने स्रष्टा जीतिकै सम्मानित हुन्छ। साच्चै भल राना रिमबाबु राना जीतिकै सम्मानित व्यक्तित्व हुन्। उनले घरदेशबाट परदेशमा पुगेर पसिना बगाएर घाँस साहित्यमा मलजल गरेका छन्। यसरी भल रानाले मलजल गरेको रिमबाबु रानाको प्रस्तुत ...अर्को पुस्ता कविता कृतिमा २६ थान कविता सङ्गृहीत रहेका छन्।

प्रस्तुत कृतिमा विषयसूचीमा ३५ थान कविताको नाम रहे तापनि पढ्तिकारको हात परेको पुस्तकमा २६ थान कविता समावेश रहेका छन्। सायद पुस्तक व्याण्डिडमा एक दुई फर्मा तल माथी भएको हुनसक्छ। बढीमा दुई पृष्ठसम्म फैलिएका उनका कविता २०७५ सालको वैशाखदेखि पौषसम्मको समय कालखण्डभित्र लेखिएका छन्। उनका कवितामा वर्तमान युगजीवनको चित्रण पाइन्छ उनको कविता यात्राका बारेमा मुहार पुस्तिकामा पहिला प्रकाशन गरिएको तराई भर्ने ए मेरो साथीबाट सुरु गरिएको छ। लेखकिय भनाइमा उनले भनिसकेका छन् उक्त कविताका बारेमा पुनः यहाँ उल्लेख गरिरहन आवश्यक छैन। यस्तै रक्सी र कविता उनको निकै रमाइलो कविता हो। श्रीमती रक्सी जन्माउने तर्खर गर्ने श्रीमान कविता जन्माउने। सायद यो उनै रानाको आफ्नो कथा हुन पनि सक्छ। पाठकलाई पढ्दा त्यही अनुभूति हुन्छ। उनका यस्ता रमाइला कविताहरू धेरै छन्। उनले आम नेपालीलाई थ्रढा, सम्मान गर्दछन्, नेपाली कला साहित्य र संस्कृतिको संरक्षण गर्दछन्। समानता खोज्छन्, माया व्यक्त गर्दछन्, त्यो मात्र होइन उनले व्यङ्ग्य पनि गर्दछन्। वागमती र राजनीति शीर्षकको कवितामा। जस्तो छ वागमती त्यस्तै भएको छ हाम्रो राजनीति अब यसलाई सपार्नुपर्छ भन्ने उनका कवितामा चिन्ता व्यक्त भएको पाइन्छ। रानाका कविता सरल, सरस र मर्मस्पर्शी शब्द तथा भाषामा लेखिएका छन्। प्रस्तुत कृतिका कविताहरू साना भाइबहिनीदेखि लिएर अराज सबैका लागि उत्तिकै रुचिकर लाग्ने देखिन्छन्। यो नै उनको कविता लेखनको सवल पक्ष हो। अन्तमा जसरी रानाले आफू जन्मेको जन्मभूमिप्रति ऋण रहेको देखाएर आफ्ना सिर्जनालाई समर्पण गरेका छन्। त्यसै गरेर यही भूमिमा रहेर आफूलाई एक अन्वेषक र सांस्कृतिक अभियन्ताका रुपमा उभ्याउँदै आएका छन्। संगसँगै पछिल्लो समय उनले आफूलाई एक सफल कविका रुपमा उभ्याई आफ्नो छवि उचो पारिसकेका छन्। उनको बाँकी जीवन थप सिर्जनशील बनोस्, थप नयाँ कृतिहरू अध्ययन गर्न पाइयोस् सतत् शुभकामना !

रगतको साटो पेट्रोल माग्ने साथी

प्रेमराज मिश्र

'हेलो' उतावाट अस्पष्ट आवाज आयो।
'हेलो' म खसखर्साए ।
'हेलो, हेलो' फेरि उतावाट अस्पस्ट आवाज आयो।
अँ, भन्नुहोस् न, को बोल्नुभयो ? (मैले भनें।
'हेलो, म कैलाश !' (उसले आफ्नो नाम बताये।
'अँ....' मैले नचिने जस्तो गरें।
'अरे यार मलाई चिनिनस् के छ?' उसले भन्यो।
ठीकै छ भनें मलाई उसले फोनमा यार भनेको मन परको थिएन ।
'सन्चै छस्, अनि के गर्दैछस्?' (उसले आत्मियता देखायो। सञ्चो बिसञ्चो कुरा भए उ मेरो स्कूल पढ्दाको साथी कैलाश रैछ। धेरै समयदेखि हाम्रो सम्पर्क भएको थिएन। केहीवेरपछि उस्ले भन्यो-एउटा सहयोग मान्नुपर्यो भनेर तिमीलाई सम्झेको।
''भन् न, मैले गरेर हुन्छ भने गरूँला नि ! मैले भने।
'साँच्चै हो?' उसले अविश्वास देखायो।
पेट्रोल र डिजल वाहेक जस्तो सुकै सहयोग गर्न तयार छु मैले भनें ।
'कस्तो वाठो! पहिल्यै कुरो उछिनिन्ने! मैले खासमा पेट्रोलको लागि कुरा गर्न खोजेको । लौन यार मलाई साह्रै नै समस्या पर्यो। धेरै पर्दैन २० लिटर जति भए पुग्छ-उसले भन्यो।
जम्मा २० लिटर मात्रै ! म आश्चार्यमा परे उसको भनेअनुसार २० लिटर पेट्रोल मानौं २० दाना आँप हो ।
'अरू कुरा भए म सहयोग गर्न तयार छु तर पेट्रोलको व्यवस्था गर्न म सक्दिनँ मैले प्रस्टसँग भनें ।
साथीभाइ भनेको यस्तै केलामा त हो नि! (उसले कुरा तन्काये।
उसको कुरा सुनेर मेरो रिसको पारो तात्यो। साथीभाइको महत्व मलाई पनि थाहा छ । तर न मसँग पेट्रोलको भण्डार छ न म निजी पेट्रोल पम्पको मालिक हुँ र?
"नजिकको साथी भनेर पो भनेको त ! परेको वेलामा त्यती सहयोग गर्न सक्दैनस्, मूला भनेर उसले फोन काट्यो।
उसले मेरो फोन नम्बर कहाँबाट पायो? आत्मीय साथी सम्झेको भए पहिला पनि फोन गर्न सक्थ्यो, भेटघाट हुन सक्थ्यो। मेरा मनमा तर्कना खेल्न थाले। फोन गरेर यति लिटर पेट्रोल चाहियो भन्न सक्ने कत्रो आँट? अझ म पेट्रोल पम्पको कर्मचारी भएको भए के भन्दो हो !
स्कूलमा उ र म एकदम मिल्ने साथी थियौं। एसएलसी परीक्षापछि हामी छुट्टिएका थियौं उ अलि मुडी स्वाभावको थियो। सहयोगको भीख माग्ने तर तुरून्तै बिर्सने उसको एउटै कमजोरी थियो। म अलि खरो र इखालु स्वाभावको थिएँ
उसले मलाई बारम्बार फोन गर्न थाल्यो। ऊ परिवारसहित काठमाडौंमा डेरामा बस्दो रैछ। प्राइभेट कम्पनीको जागिरले जेनतेन गुजारा गरिरहेको उसले बतायो।
उसले मलाई फोनमा एकदिन फोनमा भन्यो-तैंले ठाउँमा भएर पनि जावो १५/२० लिटर पेट्रोल मिलाउन सक्दैनस्?"
सक्दिन कसरी भनुं, दुई चार दिन त पख" (मैले थप विश्वास दिलाउदै भनें।
'ल ल जसरी भएपनि मिलाउनुपर्छ नि, अहिले फोन राखें उसले भन्यो।
पेट्रोल पाइने आशामा म पनि बाइक लिएर पम्पतिर लागें पम्पमा मोटरसाइकलको लाइन आँखाले नभ्याउने थियो। रातभरको अनिंदोपन परेलामा बोकेर कोही मोटरसाइकलमै निदाइरहेका, कोही कारभित्रै तीनपत्तीमा रमाइरहेका त कोही पेट्रोल भर्न हतारिइरहेका थिए। कोही भगवानको प्रसाद स्वरूप सौभाग्यले प्राप्त एकचौथाइ पेट्रोल भरेर फुरूक्क पर्दै बाटो लाग्दथे।
मानौं उनीहरूले कुनै भीमकाय युद्ध भर्खर जिते।
म त्यहाँ एकछिन पनि अड्न सकिनँ। त्यो रामरमिता हेर्न पटक्कै सकिन र त्यहाँबाट तुरून्त फर्किएँ।
हप्तादिन पछि उसले फेरि फोन गयो र भन्यो। पेट्रोल त तैंले व्यवस्था गर्न सकिनस् सकिनस्, ग्यासको त व्यवस्था गर यार, क्यास त म मिलाइहाल्छु नि, साह्रै समस्या परिसक्यो।
'बरू मेरो मोटरसाइल नै लैजा। एउटा साथीको लागि म पेट्रोलको साटो रगत पनि दिन तयार छु मलाई विश्वास गर । मैले तैंले भनेको जस्तो सजिलै पेट्रोलको व्यवस्था गर्न पनि सकिनँ' मैले लाचार हुँदै भनें।
'मुखले ठीक्क नपार, पेट्रोलसँग रगतको के सम्बन्ध? मलाई पेट्रोल भए हुन्छ, रगतको के काम ! बरू तँ नचढ्ने भए मलाई दे तेरो मोटरसाइकल, ठीकै छ मोटरसाइकलमै चित्त बुझाउनुपर्ला ? (उसले भन्यो।
उसलाई मैले मोटरसाइकल दिएर आफू साइकल चढ्ने सोझो निर्णय गरें एकदिन म साइकलमा चढेर बजार गइरहेको थिएँ । सडकमा सवारीको चाप प्रायः न्यून थियो । मलाई पछाडिबाट कसैले धक्का दियो। म अचानक साइकलबाट लड्न पुगें। मोटरसाइकलवाला हुत्तिएर पारी पुग्यो। त्यसपछि के भयो मलाई भएन ।
साइकलबाट उछिट्टिएको मान्छे पछि म होशमा आउँदा टिचिङ अस्पतालमा थिएँ टाउको र शरीरमा चोट लागेको थियो। अस्पतालै आफ्नो घटनाबारे पत्रिकामा समाचार पढेपछि थाहा पाएँ मलाई पछाडिबाट ठक्कर दिने मैं मोटरसाइकल रैछ। अस्पतालबाट डिस्चार्ज भएपछि उसलाई फोन गरें उसकी श्रीमतीले भनिन्- उहाँको टिचिङ अस्पताल उपचार भइरहेको छ। अवस्था गम्भीर छ।
म टुप्लुक्क पुग्दा ढुंगा खोज्दा देउता मिले झैं भयो मेरो उपस्थिति । सघन कक्षमा उसको अवस्था ज्यादै गम्भीर भएको थियो । उसलाई O+ve रगत दिने मान्छेको अत्यन्त जरूरी परेको थियो।
मैले वेही नसोची रक्तदान गरें रक्तदानको क्षण मलाई त्यही कुराको याद भयो जुन वेला मैले उसलाई भनेको थिएँ कि एउटा साथीको लागि म पेट्रोलको साटो रगत पनि दिन तयार छु' उसले प्रतिउत्तरमा भनेको थियो-मलाई पेट्रोल भए हुन्छ, रगतको के काम !
तर समयले कहिले रगतलाई पेट्रोलभन्दा महंगो। बनाइदिन्छ त कहिले पेट्रोललाई रगतभन्दा महंगो।
उसलाई पेट्रोल दिन नसकेपनि रगत दिएर ज्यान जोगाउन पाएकोमा मन त्यसै खुसीले भरियो।

(सेतोपाटीको साहित्यपाटीबाट साभार गरिएको)

मिस पोखरामा १७ युवती विभिन्न प्रशिक्षणमा व्यस्त

गोल्डेन न्यूज संवाददाता
पोखरा १७ मंसिर ।

मिस पोखराको पछिल्लो संस्करणको प्रशिक्षण राउन्ड शुरु भएको छ । तीन वटा अडिसनबाट छानिएर आएका १७ जना युवतीहरु यतिबेला प्रशिक्षणमा सहभागी भैरहेका छन् । मिस पोखराको आयोजक संस्था पोखरा जेसिजले सहभागी युवतीहरुका लागि नेतृत्व र व्यक्तित्व विकासको बारेमा प्रशिक्षण दिईराखेको जनाएको छ ।

यो पटक मिस पोखराको ईभेन्ट म्यानेजमेन्टको जिम्मा ईभेन्ट कम्पनी 'ईभेन्ट्स फर यू'ले लिएको छ । 'व्यवस्थापनको हिसाबले हामीले मिस पोखराको यो संस्करणलाई निकै उत्कृष्ट तवरले अगाडि बढाईराखेका छौं ।' ईभेन्ट्स फर यूका अध्यक्ष विशाल गुरुङले भने-'मिस पोखराको उचाईलाई अझै गरिमामय बनाउने क्रममा हामी दृढ छौं ।' पतियोगीहरुलाई अहिलेसम्म नेपाल जेसिजका पूर्व अध्यक्ष तथा जेसिज इन्टरनेशनल का उपाध्यक्ष राजु खत्री, पोखरा जेसिजका अध्यक्ष सल्लाहकार दिपेन्द्र पहारी, संचारकर्मी विमला भण्डारी र ईभेन्ट्स फर यूका सुशिल

नेपालीले व्यक्तित्व, नेतृत्व विकास सँगै बोल्ने शैलीको बारेमा प्रशिक्षण दिईसकेका छन् । प्रशिक्षणमा सहभागी युवतीहरुलाई अन्य विभिन्न खाले प्रशिक्षण पनि दिईने आयोजकले बताएको छ ।

यस्तै आयोजक पोखरा जेसिज र ईभेन्ट कम्पनी 'ईभेन्ट्स फर यू'ले मिस पोखरामा सहभागी हुन चाहने युवतीहरुका लागि अझै तीनवटा स्थान खाली राखेको समेत जनाएको छ । 'मिस पोखराको अडिसन राउण्ड थोरै भएको र समय छोटो भएको भन्दै गुनासो आएपछि हामीले तीन जना युवतीहरुको लागि स्थान बनाएका हौं ।' ईभेन्ट व्यवस्थापक सुशिल नेपालीले भने-'इच्छुक र प्रतिभावान युवतीहरुले सम्पर्क गर्न सक्नुहुनेछ ।'

आयोजकले यसअगाडि पुस तीन गते प्रतियोगिताको ग्राण्ड फिनाले गर्ने गरि ईभेन्टलाई अगाडि बढाएपनि अप्ठ्यारो परिस्थितिका कारण पुस १५ गते ग्राण्ड फिनाले सारेको छ । 'देश नै अप्ठ्यारो परिस्थितीबाट गुजनुपरेको वर्तमान अवस्थामा हामीले पनि प्रतियोगिताको ग्राण्ड फिनाले सार्न बाध्य भयौं ।' पोखरा जेसिजले भनेको छ-'यथोपि प्रतियोगितालाई सुन्दर तरिकाले अगाडि बढाएपछि हामीले कुनै कसर भने बाँकी राख्दैनौं ।' मिस पोखराको सातौं संस्करणको विजेताले पुरस्कार स्वरुप पचास हजार नगद, एउटा स्कुटर र गोल्डेन क्राउन प्राप्त गर्नेछन् । पोखराको हकमा सुन्दरी प्रतियोगिताको विजेतालाई गोल्डेन क्राउन पहिराउन लागिएको यो पहिलो पटक हो । त्यस्तै प्रतियोगिताको फस्ट रनर अपले २० हजार रुपैयाँ र सेकेन्ड रनरअपले २० हजार रुपैयाँ प्राप्त गर्नेछन् । मिस पोखराको विजेताले विभिन्न खाले अवसरसँगै सोझै मिस नेपालमा सहभागिता समेत जनाउन पाउनेछिन् । मिस पोखराको सातौं संस्करणको लागि २३ लाख ३५ हजार रुपैयाँ खर्च लाग्ने आयोजकले अनुमान गरेको छ । ईभेन्टबाट करिब २७ लाख रुपैयाँ आम्दानी गर्ने उसले लक्ष्य लिएको छ ।

क्रान्तिकारी माओवादी कास्कीको एकता अधिवेशन

गोल्डेन न्यूज संवाददाता
पोखरा १७ मंसिर ।

नवगठित नेकपा (क्रान्तिकारी माओवादी) कास्कीको एकता अधिवेशन सम्पन्न भएको छ । बिहीबार सम्पन्न एकता अधिवेशनले अशोक छन्त्याल अर्जुनको संयोजकत्वमा ६५ सदस्यीय जिल्ला संयोजन समिति गठन गरेको छ । जसको सह-संयोजकमा भीमबहादुर श्रीस रहेका छन् । अधिवेशनको उद्घाटन गर्दै नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सचिवालय सदस्य एवं तमुवान राज्य संयोजक श्रीनाथ अधिकारी श्यामले नेकपा-माओवादी र नेकपा (एकीकृत)बीचको एकता सच्चा क्रान्तिकारी कम्युनिष्ट शक्तिहरूको एकताको थालनी भएको बताए । अधिवेशनमा क्रान्तिकारी माओवादीका केन्द्रीय सचिवालय सदस्य केशवबहादुर परियार, केन्द्रीय सदस्यद्वय हरिबहादुर चुमान अजित र रामजी थापाले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । सो अधिवेशनले कास्की जिल्ला भुगोललाई विभिन्न ७ वटा इलाकामा विभाजन गरी जिम्मेवारी समेत तोकेको छ भने राज्य समिति मातहत रहने गरी विशेष समिति समेत निर्माण गरिएको छ । त्यस्तै, अधिवेशनले महिला, युवा, मजदुर, किसान, विद्यार्थी, शिक्षक, प्राध्यापक, बुद्धिजीवी, मगर, तमु, दलित, पत्रकार, मुस्लिम, उद्योग व्यापार, सुकुम्बासी तथा अपाङ्गलगायतका विभिन्न जनवर्गीय संगठन तथा मोर्चाहरूको जिम्मेवारी समेत तोकेको छ ।

स्टडी सर्कल समाज गठन

गोल्डेन न्यूज संवाददाता
पोखरा १७ मंसिर ।

चेतनाले मात्र महिला सशक्तिकरण हुने बुझेर पोखराका महिला संगठित भई अध्ययनमा जुटेका छन् । परिवर्तनका लागि कार्य नेपाल संस्था अन्तर्गत स्टडी सर्कल समाज नामक उपसमितिमा आबद्ध भई महिलाहरु अध्ययनमा जुटेका हुन । अध्ययनलाई अगाडि बढाउन सावित्री शर्माको संयोजकत्वमा नौ सदस्यीय उपसमिति गठन गरिएको छ ।

"चेतनामूलक समाज निर्माणका लागि, अध्ययन संस्कृतिको विकास गरौं" भन्ने उदेश्यका साथ अभियान थालिएको संस्थाका अध्यक्ष गीता लामिछाने विष्टले जानकारी गराउनु भयो । अभियानमा विभिन्न क्षेत्र र शैक्षिक अवस्थाका महिलाहरु सहभागि रहेका छन् । "घरमा नै बसेर महिनाभर एउटा समसामयिक र चेतनामूलक विषय वा पुस्तक अध्ययन गर्ने छौं र महिनाको तेस्रो सुकवार आ आफूले बुझे अनुसार विश्लेषणात्मक समीक्षा गर्ने छौं" संयोजक सावित्री शर्माले बताइन । जसमा सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक, शैक्षिक, मनोवैज्ञानिक लगायतका कोणबाट विश्लेषण गरिने छ ।

मन्त्री-राजदूत भेट

काठमाडौं १७ मंसिर ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री आनन्दप्रसाद पोखरेलले नेपालका लागि अस्ट्रेलियाका राजदूत ग्लेन ह्वाइट र नेपालका लागि जापानका राजदूत मासाही ओगावासँग छुट्टाछुट्टै भेट गरेका छन् । दुवै देशका राजदूतले नेपालको पर्यटन र संस्कृतिको विकासमा सहयोग पुऱ्याउने विश्वास दिलाउनु भएको स्वकीय सचिव उमेश आचार्यले जानकारी दिए।

भेटमा मन्त्री पोखरेलले नेपालको पर्यटन प्रवर्द्धनका लागि अस्ट्रेलिया र जापानका राजदूतहरुलाई आफ्ना नागरिकलाई कम्तीमा एक हप्ता बस्ने गरी पर्यटकका रुपमा पठाउन आग्रह गरे । रासस

पोखरा सिनेप्लेक्स विग आईकनको 'को-स्पोन्सर'

गोल्डेन न्यूज संवाददाता
पोखरा १७ मंसिर ।

छैठौं विग आईकनको 'को-स्पोन्सर' को रुपमा पोखरा सिनेप्लेक्स फाईनल भएको छ । बिहिबार विग एफएमका मार्केटिड म्यानेजर कमल बरालर पोखरा सिनेप्लेक्सका थिएटर म्यानेजर गोविन्द बाईज रौनीयारबीच छैठौं विग आईकनको 'को-स्पोन्सर' पोखरा सिनेप्लेक्स हुने विषयमा सहमति भएको हो । सहमतिपछि विग एफएमका मार्केटिड म्यानेजर कमल बरालले पोखरामा पहिलोपटक आएको 'सिनेप्लेक्स'सँग व्यवसायिक सहकार्य गर्न पाउँदा खुशि लागेको बताए । 'यो दुवै पक्षको लागि फाईदाजनक सहमती हो ।' बरालले भने-'यसले विग आईकनको पछिल्लो संस्करणलाई अझै ग्राण्ड बनाउन सहयोग गरेको छ र संगसँगै पोखरा सिनेप्लेक्सको प्रचारलाई पनि सघाऊ पुग्नेछ ।'

त्यस्तै पोखरा सिनेप्लेक्सका थिएटर म्यानेजर गोविन्द बाईज रौनीयारले पोखरामा व्यवसाय शुरुवात गरेसँगै विग आईकनजस्तो ईभेन्टमा जोडिन पाउँदा गर्व महशुस भएको बताए । 'हामीले शुरु गरेको मल्टिप्लेक्स हलालाई पनि पोखरामा ब्राण्डिड गर्नु छ ।' रौनीयारले भने-'विग आईकन जस्तो ग्राण्ड ईभेन्टमार्फत हाम्रो मल्टिप्लेक्सको ब्राण्डिड गर्न पाउँदा निकै खुशि लागेको छ ।' पोखरा सिनेप्लेक्स पहिलो पटक पोखरामा शुरु भएको अन्तर्राष्ट्रिय मापदण्डको सिनेमा हल हो । हाल पोखरा सिनेप्लेक्सले दुईवटा अडिटोरियम संचालन गरिरहेको छ । मध्यम वर्गिय दर्शकलाई लक्षित गर्दै संचालनमा आएको यो मल्टिप्लेक्समा दर्शकले सिनेमासँगै खानपिन र खेलको मज्जा पनि लिन सक्छन् ।

मंसिरको शुरुवातसँगै शुरु हुने छैठौं संस्करणको विग आईकनमा हालसम्म टाईटल स्पोन्सरको रुपमा सामसुङ मोबाईल, सवटाईटल स्पोन्सरमा कान्साई नेरोल्याक पेन्टस नेपाल, प्रोमोटेड बाई टाईटलमा ब्रिटिश कलेज थापाथली, को-स्पोन्सरमा यूरो एशिया एजुकेशन कन्सल्टेन्सी, सपोर्टेड बाई टाईटलमा एन्ड्राप्याक्ट एजुकेशन नेटवर्क, टेलिभिजन पार्टनरमा एभिन्यूज टेलिभिजन, होटल पार्टनरमा होटल बागाहि, बैंकिङ पार्टनरमा गरिमा विकास बैंक, मिडिया पार्टनरमा कान्तिपुर साप्ताहिक, अनलाईन पार्टनरमा जक्शन डटकम, म्यागेजिन पार्टनरमा 'यस' म्यागेजिन र ट्राभल पार्टनरमा जिरो प्वाईन्ट ट्राभल्स एण्ड टुर्स रहेका छन् । छैठौं विग आईकनमा सहभागिताको लागि यतिबेला एफएमले निःशुल्क रुपमा आवेदन फाराम वितरण गरिरहेको एफएमले जनाएको छ ।

चिल्ड्रेन नेपालद्वारा स्वीटर प्रदान

पोखरा १७ मंसिर ।

चिल्ड्रेन-नेपालले करिब ४०० बालबालिकालाई शैक्षिक सामग्री तथा स्वीटर वितरण गरेको छ । संस्थाले पोखरा क्षेत्रमा विद्यालय पढ्न सहयोग गरेका विभिन्न विद्यायलयका बालबालिकालाई कार्यक्रम सो सहयोग गरेको हो । बालबालिका, युव तथा परिवार कार्यक्रम अन्तर्गत शैक्षिक सामग्री वितरण गरिएको कार्यक्रम व्यवस्थापक शारदा शर्माले बताइन् । चिल्ड्रेन-नेपालका संस्थापक अध्यक्ष तथा कार्यकारी निर्देशक रामचन्द्र पौडेलले सामुदायिक विद्यालया अध्ययन गर्ने बालबालिका हरुको शिक्षालाई सहज र अगाडी बढुन सहयोग पुग्ने हुनाले यस्तो खालको कार्यक्रमलाई निरन्तरता दिने बताए । उनले बालबालिका हरुले पनि सहि उपयोग गरि आफ्नो अध्ययनलाई अगाडि बढाउनु पर्नेमा जोड दिएका थिए । चिल्ड्रेन-नेपालका कार्यसमिति सदस्य तथा नेपाल सरकाराका पूर्व सह.सचिव भिमलाल गुरुङले सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरुलाई यस्तो सहयोगले निरन्तर विद्याल पढ्न प्रेरित गर्ने कुरामा जोड दिएको रमेश सुवेदी जानकारी दिए ।

जीवन के.सी.

मो. ९८५६०-३८०६६
९८०६६-८०८७४

पञ्चमुखी लक्ष्मी सप्लायर्स

हबेलीमार्ग, काजीपोखरी
पोखरा-१८

विवाह, व्रतबन्ध, भोज तथा अन्य कुनै कार्यको लागि सफा खानेपानी बाहिएमा हामीलाई सम्झनुहोस् ।

सस्तोमा जहाज टिकट

सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

"रंगहरूको अन्तिम गन्तव्य"

आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झने पर्ने पसल

योर्स ट्रेड कन्सर्न

सर्वसुलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !

फोन : ०६१-४३०९६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१

अमरसिंहचौक, पोखरा, कास्की

डिलरः एशियन पेन्ट

नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

अनेक समस्या सफल उपचार

ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।

यौन समस्या: लिङ्ग स्खलन, उत्तेजना नहुने, लिङ्ग ढिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।

महिला सम्बन्धि समस्या

महिलामारी गड्डवादी, सेतोपानी बग्ने, योनी ढिलाउने, तल्लो पेट दाह कम्मर दुखने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्धतिबाट सफल उपचार ।

जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने

सुन्दरता:- कालो चाम्रो पोतो, झिंडिफोर, दाग धब्बा, मस्िया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।

दुब्लो पातलो महिलाको तौल चाहेको जतिनै बढाउने ।

थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिलास, पाइल्स, दम साथै बाथ, दाह कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।

शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं.०६१-५३१८६७, ०६-१२२५४५८, मो. ९८४६९३७४१८

फि होन अपोइमेन्ट

Study in Japan
Intake for January & April-2016
City of your choice
Tokyo | Chiba | Nagoya | Fukuoka | Sendai | Osaka | Okinawa | Gunma ken & many more ...
& China
Dalian | Nantong
1. SLC मा उत्तिर्णले apply गर्न सकिने
2. Part Time Job ग्यारेन्टी
3. Work Visa मा Change गर्न मिल्ने
4. विश्वविद्यालय जान सकीने
5. NAT & JLPT Not required
6. IT Job-Guaranteed Course for IT bachelor Students
Free Processing for Master, Bachelor & +2 First Divison Students*
Contact: WE MAKE YOUR FUTURE BRIGHT
MIRAI INTERNATIONAL EDUCATIONAL CONSULTANCY
Mahendrapool, Bastholathar (Medicalline), Pokhara
061-520113, 9856046980, 9846646980
miraiinternational.edu.cons@gmail.com

प्रो. वद्री के.सी. : ९८५६०२५८४६
प्रो. गोपाल बहादुर कार्की : ९८५६०३१८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३१७

ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस

चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४

शुभ-विवाह, उन्मोत्सव, अन्नप्राशन, व्रतबन्ध, पिकानिक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।

(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

विदेश जानेहरूका लागि सुवर्ण अवसर

Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहर संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरू :- अन्तर्वार्ता ग्यारेन्टी छ ।

०शतप्रतिशत उत्तीर्ण गराउन सफल ०आफ्ने मेनपावर कम्पनीबाट शोशिस गराइने ।

०१ वर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गार्डमा पास गराउन सफल

सम्पर्क फेवा सेक्युरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचौकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स सटर नं. ३०, फोन:०६१-५४०२४२, मो. ९८४६०-४१४९२

पोखरामा पहिलो पटक

यौनदुर्बल : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुवैको लागि)

स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको छिरा हटाउन।

केश भर्ने रोकी उमार्ने तेल, Hair Building Fibers.

Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look

उचाई बढाउन Step Up, Triple Height

तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)

थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।

दाँड तथा जोर्नी दुखाई ठिक पार्ने, सस्तो सधा पेनलिस।

यौन समस्या भएका पुरुष तथा महिलाहरु निराश नहुनुहोस् । हामीसँग यौन समस्याको सफल उपचार छ । एक पटक सम्पर्क गर्नुहोस् ।

अब Facebook मा www.facebook.com/Pokhara Herbal Home

पोखरा हर्बल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919

जनप्रतिनिधि...

स्थानीय निकायमा जनप्रतिनिधिको *अभाव खड्किएको पूर्वजिविस सभापति कृष्णप्रसाद सापकोटाको धारणा छ । उनी भन्दछन्- "लोकतन्त्रको कसिमा राजनीतिक दल र उम्मेदवारले आफ्नो हैसियत परीक्षण गर्ने माध्यम भनेकै निर्वाचन हो ।" भूकम्पपीडितका नाममा गएको राहतमा समेत भ्रष्टाचार भएका घटनाले जनप्रतिनिधिको टड्कारो आवश्यकतालाई थप बल पुऱ्याएको छ । भूकम्पले ध्वस्त बनाएको भौतिक संरचनाको पुनर्निर्माणमा उपलब्ध रकमको दुरुपयोग रोक्न, जनताले स्थानीय तहबाट छिट्टोछिरितो रूपमा प्राप्त गर्नुपर्ने नागरिका, राहदानी र घरबाटोको सिफारिसलाई सर्वसुलभ र व्यवस्थित तुल्याउनसमेत निर्वाचन अपरिहार्य भएको छ । सङ्घीय संरचना तथा समावेशी आयोग गठन र कार्यान्वयनलाई प्रभावकारी बनाउन समेत स्थानीय निकायको शीघ्र निर्वाचनको आवश्यकता छ । सङ्घीय मामिला तथा स्थानीय विकास राज्य मन्त्री शाहीले भने-"मुलुकका सबै राजनीतिक दलको सहमतिका आधारमा स्थानीय निकायको निर्वाचन गर्ने विषयलाई सरकारले प्राथमिकतामा राखेको छ ।" रासस*

बैंक ब्यालेन्स

बैंक ब्यालेन्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

सम्पर्क
९८१६१-०६६०२

शिक्षक आवश्यकता

यस श्री शोभा प्रा.वि., सैमराङ-८, बरालडाँडा, कास्कीको लागि प्रा.वि. तह तृतीय श्रेणीमा एक जना शिक्षक करारमा आवश्यकता परेको हुँदा मिति २०७२/०८/१८ गते देखि २०७२/०५/०३ गतेसम्म १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेका व्यक्तिले आवेदन दिनुहुन यो सुचना प्रकाशित गरिएको छ ।

आवश्यक योग्यता र कागजातहरु :

१) योग्यता : शिक्षा संकायमा +२ उत्तीर्ण गरेको हुनुपर्नेछ ।
२) स्थायी अध्यापन अनुमतिपत्र प्राप्त ।
३) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
४) दरखास्त बुझाउने स्थान : शोभा प्रा.वि. सैमराङर बिहान १० बजेदेखि ४ बजेसम्म
५) सम्पर्क मिति : २०७२/०५/०३ गते ।
६) परीक्षाको मिति र स्थान : सम्पर्क मितिमा तोकिनेछ ।
७) छनौटको प्रक्रिया : लिखित तथा अन्तर्वार्ता
८) दरखास्त दस्तुर रु ५००।-मात्र

अन्य जानकारीका लागि विद्यालयमा सम्पर्क गर्नुहोला ।
सम्पर्क : ९८४६२९५९२००, ९८०६५५२९९१

नोट : शिक्षक सेवा आयोगबाट प्रकाशित करार सूचीमा रहेका उम्मेदवारहरुलाई विशेष प्राथमिकता दिइनेछ ।

प्रधानाध्यापक

खुशीको खबर !



के तपाईलाई लागेभागे भई छेवैमा गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलको गड्डो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, बाथ, शुक्री, आँखोपन हटाउने ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जुठो परेको १ वर्षपछिमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५५५५

अमेरिकन डेम्लोम्याटिक सेक्युरिटी तालिमको अवसर

१. State department एवं अन्य देशहरुबाट सेक्युरिटी तालिम प्राप्त, धेरै देशहरुमा सेक्युरिटी सुपर भाइजरका साथै सेक्युरिटी कन्सल्टेन्टमा काम गरेर अनुभव बटुल्नुभएका दक्ष, अनुभवी प्रशिक्षकबाट प्रशिक्षण गराइने ।
२. Dubai को DPS आबुधाबीको PSBD कतारको Grup4 मकाउ, बहराइन, मलेसिया एवं Europe, America का deplometic Security तालिम छुट्टा-छुट्टै दिइने ।
३. व्यवहारिक एवं सैद्धान्तिक ज्ञान पूर्णरुपमा हासिल गराउने ।
४. शान्त वातावरणमा फराकिलो Classroom मा Securrity माईकोा Theory & Practical गराइने ।
५. अंग्रेजी भाषा सिकाउनुका साथै अंग्रेजी बोल्न सक्ने बनाउने ।
६. Interview का लागि तयारी बनाउने ।
७. तालिम पश्चात विदेश जानका लागि सर्टिफिकेट उपलब्ध गराइने ।
८. विदेश जान इच्छुक हुनुहुने दाजुभाई तथा दिदीबहिनीहरुलाई परामर्श तथा प्रशिक्षण दिइने ।
९. नेपालमै विभिन्न संघसंस्था वित्तीय क्षेत्र बैंक, कलकारखाना, उद्योग, कलेज, स्कूल, हस्पिटलहरु आदि इत्यादि ठाउँहरुमा सेक्युरिटी गार्ड उपलब्ध गराइने ।

आर्मर ग्रुप सेक्युरिटी एण्ड सप्लायर प्रा.लि.
सम्पर्क : ९८४६३५५३४२ (डिसी अर्याल), ९८५६०२३८६२ (जितबहादुर)
९८०६७०८२४६, ९८०६७०८२४७, ०६१-५३०७२४ (अफिस)
(पृथ्वीचोकबाट १०० मिटर तल, एयरपोर्ट जाने बाटोमा, मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा विजनेश कम्प्लेक्सको दोस्रो तला)

कोराला नाका महत्वपूर्ण विकल्प-संसदीय समिति

गोल्डेन न्यूज संवाददाता
पोखरा १७ मंसिर ।

व्यवस्थापिका संसदको विकास समितिले चीनसँगको नेपालको व्यापारिक सम्बन्ध विस्तार गर्नका लागि कोराला नाका महत्वपूर्ण विकल्प हुने निष्कर्ष निकालेको छ। कोराला नाकाको सम्भाव्यता अध्ययनका क्रममा समितिका सभापति रविन्द्र अधिकारी नेतृत्वको टोली उक्त नाकामा पुगेर फर्केपछि आयोजित अन्तर्क्रियाका क्रममा उक्त जानकारी गराइएको हो। अन्तर्क्रियामा सभापति रविन्द्र अधिकारीले यस अघि ३ डिसेम्बर २००३ मा नेपालको पराराष्ट्र मन्त्रालय र चिनिया राजदुतबीच यो नाका खोल्ने सम्झौता भए पनि त्यो कार्यान्वयनमा आउन नसकेको बताए। "चिनीया पक्षसँग यो विषयमा सहमति कायम गरी आवश्यक पूर्वाधार विकास गर्न सकेमा तीन महिना भित्रमा ट्रयाक खोल्न सकिन्छ", उनले भने,- "कोरलादेखि नेपालको जोमसोड १०० कि.मि. मात्र छ।"

कोरलापासदेखि तिव्वत तर्फ ढडवासेनसम्म ३० कि.मि.को कच्ची सडक रहेको र ढडवासेन देखि सिगात्सेसम्म करिब ६०० कि.मि. पक्की सडक रहेको जानकारी गराउदै उनले पर्याप्त पर्यटकीय सम्भाव्यता रहेका पोखरा र यस आसपासका क्षेत्रका लागि यो नाका सञ्चालनमा ल्याउन सके निकै उपयोगी हुने धारणा राख्ने।

नाकासम्म जानका लागि

आधारभूत पूर्वाधारको विकास भइसकेका कारण त्यसलाई स्तरोन्नति गर्नुपर्नेमा जोड दिदै सभापति अधिकारीले केही स्थानमा सडकको स्तरोन्नति गर्नुपर्ने भएकोले त्यसका लागि सम्बन्धित निकायलाई निर्देशन दिने उल्लेख गरे। पश्चिमाञ्चल क्षेत्रीय प्रशासक केदार बहादुर अधिकारीले कोरला नाका यस क्षेत्रको महत्वपूर्ण व्यापारिक नाका बन्न सक्ने भएको हुँदा यसलाई खोल्न तदारुकता देखाउनुपर्ने बताए।

पर्यटकीय पृष्ठ सम्भाव्यतालाई अधिकतम उपयोग गर्ने क्रामा पनि कोराला नाका महत्वपूर्ण विकल्प हुन सक्नेमा उनको जोड छ। कास्कीका स्थानीय विकास अधिकारी रामचन्द्र तिवारीले नेपालको समृद्धि र विकासका लागि विभिन्न विकल्पको खोजी तथा उपयोग गर्नुपर्ने सन्दर्भमा विकास समितिले कोरला नाका खुलाउने तर्फ देखाएको सकुयता सफल बन्ने विश्वास व्यक्त गरे। नेकपा एमाले कास्कीका अध्यक्ष कृष्ण थापाले यसासक्य चाँडो कोरला नाका खोली पोखरा र यस आसपासको पर्यटनलाई थप विकास र विस्तार गर्न सकिनेमा जोड दिए। राप्रपा नेपाल, कास्कीका अध्यक्ष जयलाल पुनले २००३ सालमा सम्झौता भएर पनि हालसम्म नाका सञ्चालनमा आउन नसकेको तर्फ पनि विचार गर्नुपर्ने बताए।

वाग्लुङ उद्योग वाणिज्य संघका अध्यक्ष वसन्तकुमार श्रेष्ठले तीन महिनामा ट्रयाक खोल्न सकिने अवस्थालाई दृष्टिगत गरी यस तर्फ सकुयताका साथ लाग्नुपर्ने बताए। समाजसेवी विश्वशंकर पालिखेले नाका खोल्नुका साथै नेपाल र चिनबीचको आपसी सम्बन्ध प्रगाढ बनाउन जनस्तरको सम्बन्ध बढाउनुपर्नेमा जोड दिए। पर्वत उद्योग वाणिज्य संघका अध्यक्ष हरि शर्मा लामिछानेले नाका खोली त्यसलाई उपयोग गर्ने सम्बन्धमा नेपाल सरकारले चीन सरकारलाई सुरक्षाको प्रत्याभूति कति दिनसक्ने कुरामा निर्भर हुने धारणा राखे। सञ्चारकर्मी माधव बरालले कोरला नाका खोल्ने सम्बन्धमा विकास समितिबाट देखाएको सकुयतालाई निष्कर्षमा पुऱ्याउनुपर्ने बताए।

कार्यक्रममा राष्ट्रिय जनमोर्चाका नेता शंकर बराल, नेकपा एमाले कास्कीकी उपसचिव प्रभा कोइराला, पोखरा पर्यटन परिषदका उपाध्यक्ष चिरञ्जीवि पौडेल, प्रमोद श्रेष्ठ, पुष्प पौडेल, मित्रमणि तिमल्सिना, नवराज शर्मा, जीवन विश्वकर्मा लगायतले नाका खोल्ने सम्बन्धमा देखिएको वर्तमान चासोलाई तुरुन्त कार्यान्वयनका पक्षमा लैजानुपर्नेमा जोड दिएका थिए।

क्रिकेट संघ कास्कीको अध्यक्षमा पुनः प्रजू

गोल्डेन न्यूज संवाददाता
पोखरा १७ मंसिर ।

कास्की जिल्ला क्रिकेट संघको जिम्मेवारी फेरी देवेन्द्र पजूको कांधमा परेको छ। चार वर्षे तदर्थसमितिलाई नै बुधवारको प्रथम अधिवेशनले निर्वाचित गर्दै पुरानै सदस्यलाई उही जिम्मेवारी सुम्पिएको थियो। नेपाल क्रिकेट संघ(क्यान)को २८ र २९ गते अधिवेशन गर्ने तयारी गरेपछि मातहतका जिल्ला संघको अधिवेशन सक्न राष्ट्रिय खेलकुद परिषदले जिम्मेवारी दिएको थियो। अन्य जिल्लाहरुमा विवादरहित अधिवेशन सम्पन्न भएपनि कास्की जिल्ला क्रिकेट संघमा भने लामो समयदेखि आन्तरिक विवादमा रुमलिएको थियो। असोज १५ गत भित्रमा संघको अधिवेशन गर्ने अन्तिम निर्णय गरेपनि संघभित्रै विवाद देखिएपछि स्थगित हुन पुगेको थियो। त्यसभन्दा अघि भदौमा नै अधिवेशनको लागि संघको छलफल भएको थियो।

परिपदले क्यानको अधिवेशनको मिति तय गरेपछि क्यानले क्षेत्रीय क्रिकेट विकास समिति क्षेत्र नं ८ पोखरालाई परिपत्र गरेको थियो। परिपत्रलाई समेत तत्कालिन तदर्थ समितिका अध्यक्ष प्रजूले जानकारी नै नपाएको प्रतिक्रिया दिएका थिए। पत्र पाएको एकसाता नबित्दै कास्की जिल्ला क्रिकेट संघले पुरानै तदर्थ समितिलाई कार्यसमितिको रुपमा दिएको हो। संघको उपाध्यक्षमा देवीप्रसाद गुरुङ, सचिवमा सन्जयकान्त सिग्देल, कोषाध्यक्षमा निकेश श्रेष्ठ, सह-सचिवमा भोजबहादुर गुरुङलाई निरन्तरता दिइएको छ। यसैगरी सदस्यहरुमा दिपेन्द्रप्रताप चन्द, विष्णुकान्त सिग्देल, भोजराज बराल, ओमप्रकाश श्रेष्ठ, सन्जय नेपाल, चन्द्रप्रकाश गुरुङ (जिम्मी), सुमन गुरुङ छन्। अधिवेशनले केन्द्रीय अधिवेशनको लागि सन्जयकान्त सिग्देललाई प्रतिनिधिको रुपमा पठाउने निर्णय समेत गरेको छ। लामो समयदेखि सिग्देल र प्रजू बीच केन्द्रीय प्रतिनिधि जाने भन्ने विषय टुंगो लाग्न नसक्दा अधिवेशनको समय लम्बिएको थियो।

कास्की जिल्ला खेलकुद विकास समितिका सदस्य चोलेन्द्र पौडेलको उपस्थितिमा अधिवेशन गरिएको थियो। क्षेत्रीय क्रिकेट विकास समिति क्षेत्र नं ८ पोखराका सचिव ऋषिराम गौतम, सहसचिव रतन गुरुङ र जयप्रकाश थापा सदस्य रहेको निर्वाचन कमिटीले अधिवेशनलाई वैधानितकता दिएको हो। अधिवेशनमा सचिव सिग्देल र कोषाध्यक्ष श्रेष्ठको प्रतिवेदनलाई सर्वसम्मत पास गरिएको थियो। कार्यक्रममा क्रिकेट मैदान निर्माण समितिका सदस्य अशोक पालिखे, ऋषिराम गौतम तथा जिल्ला खेलकुद विकास समिति कास्कीका सदस्य चोलेन्द्र पौडेलले शुभकामना व्यक्त गरेका थिए।

पर्वत बहुमुखी क्याम्पस आर्थिक संकटमा

गोल्डेन न्यूज संवाददाता
पर्वत १७ मंसिर ।

पर्वत जिल्लाकै सबैभन्दा पहिलो क्याम्पस आर्थिक संकटमा परेको छ। जिल्लाको फलेवास क्षेत्रमा पर्ने देविस्थानमा संचालित पर्वत बहुमुखी क्याम्पस आर्थिक अभावका कारण संचालनमा समस्या देखिएको छ। २०४१ सालमा स्थापना भएको क्याम्पस पछिल्लो समयमा आएर आर्थिक अभावमा गुज्जिएको हो। आर्थिक अभावका कारण क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीहरुले एक वर्षको तलब सुविधा पाउन सकेका छैनन। लामो समयसम्म तलब सुविधा नपाउँदा शिक्षकहरुले पठनपाठन समेत बन्द गराएका छन्। क्याम्पस संचालक समितिले शिक्षकहरुलाई समयमै तलब सुविधा उपलब्ध गराउन नसक्दा समस्या देखिएको हो। अहिले क्याम्पसमा १७ जना शिक्षक तथा कर्मचारी रहेका छन्। उनीहरुका लागि मासिक झण्डै ३ लाख रुपैयाँ रकम तलब सुविधाका लागि खर्च हुने भएपनि त्यति रकम क्याम्पसको मासिक आम्दानी नहुने भएकाले संकटमा पर्न थालेको हो। केहि वर्ष अघि सम्म प्रविणता प्रमाणपत्र तह समेत संचालन हुँदा विद्यार्थीको संख्या पनि धेरै हुने र आम्दानीले समेत थेगेको थियो तर अहिले स्नातक तहका कक्षामात्र संचालन गर्दा विद्यार्थीको संख्या समेत कम भएको र मासिक आम्दानी समेत कम भएकाले संचालन गर्न समस्या परेको छ। अहिले स्नातक तहमा मार्नाविक, वाणिज्य, र शिक्षा संकायमा पढाई हुने गरेको छ। अहिले स्नातक तहमा जम्मा १ सय २० जना विद्यार्थी अध्ययनरत रहेका छन्। आम्दानी भन्दा खर्च दोब्बरले बढि भएपछि क्याम्पसमा आर्थिक समस्या पर्दै आएको क्याम्पस प्रमुख जगतबहादुर कुँवरले जानकारी दिए। उनका अनुसार विद्यार्थीहरुको संख्या कम हुँदा पर्याप्त आम्दानी समेत नहुने र अन्य कुनै निकायबाट आम्दानीको श्रोत नहुँदा शिक्षकहरुलाई मासिक रुपमा तलब भुक्तानी गर्न नसकिएको हो। अहिले तत्कालका लागि झण्डै ४० लाख रुपैया आवश्यक पर्ने भएपनि क्याम्पसँग त्यसको झण्डै २० प्रतिशत मात्र रकम मौज्दात रहेको छ। तलब सुविधा नपाउँदा शिक्षकहरुले पढाउन समेत छाडेको विद्यार्थीहरुले गुनासो गरेका छन्। क्याम्पसमा शिक्षकहरुले पढाउन छाडेका कारण भविष्यनै अन्यौलमा पर्ने चिन्ता बढेको विद्यार्थीहरुको गुनासो छ।

पोविविमा आमूल परिवर्तन गर्नुपर्नेमा जोड

गोल्डेन न्यूज संवाददाता
पोखरा १७ मंसिर ।

कास्कीमा रहेका पोखरा विश्वविद्यालय सभाका सभासद् हरूले पोखरा विश्वविद्यालयको समग्र सुधारमा जोड दिएका छन्। पोखरा विश्वविद्यालयका उपकुलपति प्रा. चिरञ्जीवी प्रसाद शर्मा र रजिष्ट्रार गोविन्द प्रसाद शर्माले यहि मंसिर महिनाको २७ गते हुन गइरहेको विश्वविद्यालयको १६ औं साधारण सभाको बैठकका प्रस्तुत हुने प्रस्तावका एजेण्डाहरूको बारेमा साझा अवधारणा बनाउँन आयोजना गरेको नवनियुक्त स्थानीय सभासद्हरूको स्वागत र अन्तर्क्रिया कार्यक्रममा स्थानीय सभासद्हरूले आन्तरिक र बाह्यरूपमा विश्वविद्यालयलाई मजबुत बनाउनुपर्नेमा सुझाव दिएका थिए।

सभासद्हरूले विश्वविद्यालय लाई हुँगेपाटनको चार दिवार भित्रमात्र सीमित गर्न नहुने, आंगिक कलेजको विस्तारमा जोड दिनुपर्ने र परीक्षा प्रणालीमा व्यापक सुधार गर्दै एकाडेमिक क्यालेण्डर अनुसार समयमा नै परीक्षा लिनुपर्ने कुरालाई जोडदार रुपमा उठाएका थिए। उनीहरूले विश्वविद्यालय भित्र बन्द हड्तालको राजनीति अन्त्य गरिनुपर्ने, प्राध्यापकहरूको पेशागत हकहितलाई सुनिश्चित गरेर अगाडि बढ्नुपर्ने, समस्याको न्यूनिकरणमा स्थानीय सभासद् र नागरिक समाजसँग हातेमालो गर्नुपर्ने, पाञ्जिक व्यक्तित्वहरूलाई विश्वविद्यालयले समेटनुपर्ने कुरामा समेत जोड दिएका थिए। विगतका कमीकमजोरीलाई समीक्षा गरी विश्वविद्यालयले शैक्षिक योजना तयार गर्नुपर्ने र विश्वविद्यालयको भावी रणनीति तयार गर्न विशेष सभा समेत बोलाउन सभासदले सुझाव दिएका थिए।

सुझाव दिनुहुने सभासदहरूमा, ला ग्राण्डी इन्टरनेशनल कलेजका संस्थापक देवराज चालिसे, त्रिभुवन शान्ति उच्च मावि का प्रधानाध्यापक मित्रलाल सापकोटा, लक्ष्मी ग्रुपका अध्यक्ष गणेशबहादुर श्रेष्ठ, मल्टी मोडल उच्चमावि का प्रधानाध्यापक कृष्ण के.सी., वनविज्ञान अध्ययन संस्थान पोखराका सहप्राध्यापक हरिप्रसाद त्रिपाठी, पृथ्वी नारायण क्याम्पस पोखराका सहप्राध्यापकद्वय कमल ढकाल, हुतराज शर्मा तथा उपप्राध्यापक कमलराज पौडेल, पोखरा विश्वविद्यालय प्राध्यापक संघका सभापति उपप्राध्यापक निराजन बम र उपप्राध्यापक बुद्धिराज जोशी थिए।

उपकुलपति प्रा. चिरञ्जीवी प्रसाद शर्मा, रजिष्ट्रार गोविन्द प्रसाद शर्मा र मानविकी तथा सामाजिक शास्त्र संकाय, पोविका डीन प्रा.डा. इन्द्रप्रसाद तिवारीले सभासदहरूले उठाएका विषय र सुझावलाई मध्यनजर गर्दै विश्वविद्यालयले अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना तयार गर्ने बताएका थिए।

कालोबजारीको विरोधमा तरुण दल

गोल्डेन न्यूज संवाददाता
पोखरा १७ मंसिर ।

नेपाल तरुण दल कास्कीले भारतीय अघोषित नाकाबन्दीको विरोध गर्दै उक्त नाकाबन्दीको नाजायज फाइदा उठाउँदै देशमा फैलिएको कालोबजारी, मूल्यवृद्धि नियन्त्रण गर्न दबाव दिने उद्देश्यले शुक्रबार विरोध कार्यक्रम गर्न लागेको छ। नेपाली कांग्रेस पार्टी कार्यालय चिप्लेढुङ्गाबाट दिउँसो १२:३० बजे प्लेकार्ड, नारासहित विपी चोक, सिद्धार्थचोक हुँदै महेन्द्रपुलमा पुगी कोणसभा गर्ने जनाएको छ। सरकारले मातहतका निकायको परिचालन गर्न अक्षम देखिएको र नाकाबन्दी खुलाउन कुनै ठोस वार्ता नभई भाषण गर्दै हिंडेकोले समयमै समस्या समाधान गर्न सरकार असफल देखिएकोले समाज आक्रान्त बन्दै गएको ठहर गर्दै विरोधमा उत्रन बाध्य बनाइएको तरुण दल कास्कीका सचिव पदम बस्ताकोटीले बताए। कार्यक्रममा तरुणदलका सम्पूर्ण जिम्मेवारी पदमा रहेका नेता तथा कार्यकर्ताहरुलाई सहभागी हुन अपिल समेत गरिएको छ।

तमुवान-मगरात समितिले ज्ञापनपत्र बुझायो

पोखरा १७ मंसिर ।(गोल्डेन)

तमुवान संयुक्त संघर्ष समिति, तमुवान प्रदेश र मगरांत संघर्ष समिति मगरांत प्रदेशले आन्दोलननाई मोर्चाबन्दी गर्दै संयुक्त आन्दोलन शुरु गरेको छ। दुवै आन्दोलनका अगुवाहरुको बृहत छलफल पश्चात आन्दोलनलाई मोर्चाबन्दी गर्दै मंसिर १७ गते विहीवार प्रमुख जिल्ला अधिकारी मार्फत राष्ट्रपति, प्रधानमन्त्री र सभामुखलाई ज्ञापनपत्र पठाउने निर्णय बमोजिम तमुवान र मगरातका जिल्लाहरुबाट १२ बुंदे मागसहितको ज्ञापनपत्र पठाएको हो। कास्कीमा पोखराको लखनचोक बाट नारा जुलुसका साथ जिल्ला प्रसासन पुगेको तमुवान संयुक्त संघर्ष समिति तमुवान प्रदेश संयोजक हुमबहादुर तमुले ज्ञापन पत्र वाचन गर्दै संयोजक तमु र मगरांत संघर्ष समिति कास्की संयोजक रामबहादुर थापामगरले संयुक्त रुपमा कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद रेग्मीलाई ज्ञापन पत्र बुझाएका हुन्। ज्ञापन पत्र ग्रहण गर्दै सहायक सिडियो रेग्मीले संयुक्त संघर्ष समितिको १२ बुंदे मागमा केही जिल्ला प्रसासनसँग सम्बन्धित भएकाले आफूहरुले ज्ञापन पत्रमा उठाइएको मागलाई गम्भीर ढंगले लिने र ज्ञापन पत्र तत्काल राष्ट्रपति, प्रधानमन्त्री र सभामुखलाई पठाउने बताए। त्यस अवसरमा बोल्दै संयोजक तमुले आफूहरु देशै भरको अधिकार र पहिचानका आन्दोलनहरु लाई मोर्चा बन्दी गर्ने क्रममा मगरांत र तमुवानको आन्दोलननाई संगठित गरेको भन्दुहुँदै मंसिर २८ गतेसम्म आफ्ना माग सुनुवाई नभई मंसिर २८ गते पोखरामा आयोजना हुने जानकारी दिए।

समाचारप्रति वन समूहद्वारा खण्डन

गोल्डेन न्यूज संवाददाता
पोखरा १७ मंसिर ।

श्री चिसाखोला सामुदायिक वन उपभोक्ता समूह सराङकोट-२६ ले केही दिन अघि गोल्डेन न्यूज दैनिकमा प्रकाशित समाचारको खण्डन गरेको छ। यहि मंसिर ११ गते शुक्रवार गोल्डेन न्यूज दैनिकले 'वनको दाउरामा समेत कालोबजारी !' शीर्षकमा समाचार प्रकाशन गरेको थियो। समाचार प्रकाशन पछि समूहका अध्यक्ष प्रेमराज अधिकारीको अध्यक्षतामा बसेको बैठकले गोल्डेन न्यूज दैनिकमा प्रकाशित समाचार अनुरुप उपभोक्ता समितिले बाटो विस्तार गर्दा केही रुखहरु काटिएको र तत्काल जिल्ला वन कार्यालयलाई जानकारी दिएपछि वन अधिकृतको टोलीले समेत निरीक्षण गरेको स्पष्ट पार्दै काटिएका ति रुखहरुको तत्काल निकाश दिने मौखिक आश्वासन दिएको भएपनि आलटाल गरेको उल्लेख गरेको छ। जिल्ला वन कार्यालयको निर्णय कुर्दा-कुर्दै मुलुकमा बढ्दो इन्धन संकटका कारण काटिएका ति रुखहरुको हागाहरु चोरी हुन थालेपछि समूहको बैठकले गोल्डेन न्यूज दैनिकमा प्रकाशित समाचार अनुरुप निश्कर्ष निकालेको र बैठकद्वारा नै खण्डन गरिएको समूहका सचिव शिवजी कोइरालाले जानकारी दिए। समूहद्वारा गोल्डेन न्यूज दैनिकको नाममा प्रेषित खण्डन पत्रमा सामुदायिक वनको प्लट नं.४ नर्सरी क्षेत्रमा कृषिमार्ग विस्तार गर्ने क्रममा २०७० फाल्गुन महिनामा कृषि मार्ग निर्माण गर्दा ३ वटा रुखहरु काटिएको स्पष्ट पारिएको छ। यसैगरी सडक विस्तार गर्दा काटिएका रुखहरुको हाँगाबिगा समेत उपभोक्ता समितिले बाँडेको उल्लेख गरिएको छ। समूहले यस्तो स्पष्टीकरण दिएपछि पनि समूहका अध्यक्ष प्रेमराज अधिकारीको अध्यक्षतामा बसेको बैठकले गोल्डेन न्यूज दैनिकमा प्रकाशित समाचार अनुरुप उपभोक्ता समितिले बाटो विस्तार गर्दा केही रुखहरु काटिएको र तत्काल जिल्ला वन कार्यालयलाई जानकारी दिएपछि वन अधिकृतको टोलीले समेत निरीक्षण गरेको स्पष्ट पार्दै काटिएका ति रुखहरुको तत्काल निकाश दिने मौखिक आश्वासन दिएको भएपनि आलटाल गरेको उल्लेख गरेको छ। जिल्ला वन कार्यालयको निर्णय कुर्दा-कुर्दै मुलुकमा बढ्दो इन्धन संकटका कारण काटिएका ति रुखहरुको हागाहरु चोरी हुन थालेपछि समूहको बैठकको निर्णय अनुरुप चिसाखोला अन्तर्गतका उपभोक्ताहरु र सल्लाहकारहरुको रोहबरमा नै दाउरा बिक्री वितरण गरेको समूहले पत्रमार्फत स्पष्ट पारेको छ। समूहको बैठकले पत्रिकाको समाचारमा उल्लेख भएअमोजिम कालोबजारीको कुनै संकेत नभएको स्पष्ट पार्दै उपभोक्ता लगायत सम्बन्धित सबैमा भ्रममा नपर्न समेत आग्रह गरेको छ।

अभियान युवा र लायन्स पिस हिमालयको शिविर हुँदै

गोल्डेन न्यूज संवाददाता
पोखरा १७ मंसिर ।

अभियान युवा क्लबको आयोजनामा पोखराको जिरो किमिमा निःशुल्क स्वास्थ्य शिविर हुने भएको छ। क्लबले यहि मंसिर १९ गते शनिवार आफ्नो नवौं वार्षिकोत्सवको अवसर पारेर दन्तरोग, पाठेघर/स्त्रीरोग, मधुमेह (सुगर) तथा हाडजोर्नीको खनिज मापन परिक्षण सेवा सम्बन्धि निःशुल्क शिविर गर्न लागेको हो। शिविर बिहान ८:०० बजेदेखि शुरु हुने आयोजकले जनाएको छ। दन्तरोग सम्बन्धी विशेषज्ञ कान्तिपुर डेन्टल हस्पिटल न्यूरोडको टोली, स्त्री तथा पाठेघर सम्बन्धी विशेषज्ञ पश्चिमाञ्चल क्षेत्रीय अस्पताल प्रसुति विभागमा कार्यरत डा. तारा गुरुङ तथा मधुमेह र हाडजोर्नीको खनिज मापन परीक्षण सम्बन्धी विशेषज्ञ सुमित क्षेत्री आउने क्लबका सहसचिव राजु गिरीले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए। शिविरका लागि जनस्वास्थ्य कार्यालय कास्कीबाट स्वीकृत लिईसकिएको र आन्तरिक कामहरु पुरा भईसकेको क्लबका अध्यक्ष बसन्त गिरीले बताएका छन्। साथै उनले शिविरमा सहभागि भई लाभ उठाउनका लागि सम्पूर्णलाई आग्रह गरेका छन्। क्लबले आफ्नो वार्षिकोत्सवको अवसरमा शुक्रबार बेलुका जिरो कि.मि.चोकमा दीप प्रज्वलन कार्यक्रम राख्ने कार्यक्रमका संयोजक मोहन बहादुर केसीले बताए। त्यसैगरि शनिवार बेलुका जिरो किमिमा सांस्कृतिक कार्यक्रमका साथमा सम्मान कार्यक्रम राखिने पनि संयोजकले बताए। वार्षिकोत्सवमा गरिने विभिन्न कार्यहरुको लागि उपसमिति तथा संयोजक पनि चयन गरेको छ। जसमा दिप प्रज्वलनमा विश्वराज केसी, दन्तरोग शिविरमा राजु गिरी, प्रचारप्रसारमा रमेश जिशि र ध्रुव बहादुर नेपाली, फोटोग्राफिमा मुक्त गिरी तथा अतिथि सत्कारमा मोहन बहादुर केसी रहेका छन्।

यसैगरी लायन्स क्लब पोखरा पिस हिमालयन सिटीको आयोजनामा निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरिएको छ। लायन्स क्लब अन्तर्राष्ट्रिय नेपाल डिष्ट्रिक्ट ३२५ बी बाट अन्तर्गत गठित पीस हिमालयन सिटीले सर्वसाधारण नागरिकलाई स्वास्थ्य सम्बन्धी सचेतना पुऱ्याउने उद्देश्यले उक्त शिविर आयोजन गर्न लागेको हो। शिविर सम्पन्न गर्नका लागि क्लबका सदस्य जनार्दन बाँस्तोलाको संयोजकत्वमा गोविन्द काफ्ले, धर्मदत्त शर्मा, टंक खनाल र वृद्धिमान शर्मा सदस्य रहेको समिति गठन गरिएको क्लबका अध्यक्ष टेकनारायण पौडेलले बताए। पिस हिमालयन सिटीले पोखरा उमनपा-१७ स्थित हिमालय बोर्डिङ स्कूल प्राङ्गणमा मङ्सिर १९ गते शनिवार बिहान ८ बजेदेखि स्वास्थ्य शिविर सञ्चालन गर्न लागेको भन्दै अध्यक्ष पौडेलले शिविरमा आफ्नो स्वास्थ्यको जाँच गरी निःशुल्क सेवा लिनका लागि स्थानीय सर्वसाधारणलाई आग्रह गरे।

शिविरमा युआएल पोखरा, नमस्ते हस्पिटल विरौटा र विध्यवासिनी डेन्टल केयर पार्लोका पार्विधिक सहयोगमा हुने उक्त सिविरमा रक्तपरीक्षण, मधुमेह जाँच, प्रसुति सम्बन्धी सेवा, दन्त परीक्षण लगायतका सेवाहरु अनुभवी पार्विधिक तथा चिकित्सकबाट उपलब्ध गराईने छ। शिविरमा सहभागी भई उपचार सेवा लिएका विरामीहरुको अन्य जाँचमा समेत युआएलले ५० प्रतिशत छुटमा सेवा दिने जनाएको छ।

नाकाबन्दीले सुन्तला बोटमै

पर्वत १७ मंसिर ।

भारतको अघोषित नाकाबन्दीका कारण जिल्लाको पाङराङका कृषकले सुन्तला बिक्री गर्न पाएका छैनन्।

गत वर्ष मङ्सिरको पहिलो साता नै बजारमा पुग्ने सुन्तला इन्धन अभावका कारण डुवानी गर्न नसक्दा बोटमै रहेका छन्। डुवानीको समस्या देखाएर सुन्तला खरिद गर्ने व्यापारी गाउँमा नआएकाले बिक्री गर्न नसकेको श्रीनगर सुन्तला उत्पादन सहकारीका अध्यक्ष तारालाल क्षेत्रीले बताए। "अघिल्ला वर्षमा मङ्सिर पहिलो हप्तामै बिक्री गरी सक्थ्यौं," उनले भने-"यस वर्ष व्यापारी गाउँ नै आएका छैनन्।"

सुनौली पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौली भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा